# नाम्खा गाउँपालिका

ཨོཾ། ནམ་མཁའ་གྲོང་སྡེ་ཁྲིམས་ལུགས་སྣན་ཁང་།

Namkha Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

## Ofiice Of The Rural Municipal Executive

पत्र संख्याः-२०८०।०८१
चलानी नं: १७७

याल्बाङ,हुम्ला
कर्णाली प्रदेश, नेपाल
मिति: २०८१।०७।०५

विषयः उपभोक्ता समिति गठन गरी सम्झौताका लागि पठाईदिने सम्बन्धमा ।

श्री सवै वडा कार्यालय
नाम्खा गाउँपालिका हुम्ला ।

यस नाम्खा गाउँपालिका याल्वाङ हुम्लाबाट चालु आ.व. २०८१/०८२ मा स्वीकृत भएका बार्षिक योजना तथा कार्यक्रमहरु संचालन गर्नको लागी प्रत्येक बस्ती तथा वडाहरुमा लाभग्राहिहरु समावेश भएको उपभोक्ता समिति गठन गरी योजना सम्झौता गराई सक्नु पर्नेमा हाल सम्म उक्त कार्य नभएकाले निर्माण कार्य गर्न ढिलाई भई सकेको हुँदा त्यस वडा भित्र संचालन हुने योजनाहरुको लागि मिति २०८१/०७/३० गते सम्म उपभोक्ता समिति गठन गरी योजना सम्झौताका लागि तपसिलको बुँदाहरु अनुसारको प्रकृया अवलम्बन गरी यथासक्य चाँडो गाउँपालिकाको कार्यालयमा उपभोक्ता समितिहरुलाई पठाई दिन हुन जानकारी गराईन्छ ।

तपसिल

१. उपभोक्ताहरुको आमभेलाबाट न्युनतम ७ र अधिकतम ११ सदस्यिय उपभोक्ता समिति गठन गर्नुपर्ने।
२. उपभोक्ता समिति गठन गर्दा न्युनतम ३३ प्रतिशत महिला सहित समावेश भएको र मुख्य पदाधिकारीहरु मध्ये कम्तिमा १ जना महिला अनिवार्य समावेश भएको हुनुपर्ने छ ।
३. सार्वजनिक पदमा स्थायी वा अस्थायी रुपले कार्यरत रहि नेपाल सरकारवाट तलव भत्ता तथा सेवा सुविधा पाउने कुनै पनि कर्मचारी वा जनप्रतिनिधिले यो समितिमा रहन पाउने छैन।
४. वडाको जनप्रतिनिधि र वडा सचिवको रोहबरमा मात्रै उपभोक्ता समिति गठन गर्नुपर्ने छ।
५. उपभोक्ता समितिले गाउँपालिकासंग योजनाको सम्झौता गर्दाको बखत योजनामा काम गर्ने कामदारहरुको नामनामेसी र बैठक हिसाब नं. उपलब्ध गराउनुपर्ने छ।
६. योजना सम्झौता गर्दा देहायका आवश्यक कागजातहरु पेश गर्नुपर्ने छ।
    क. उपभोक्ता समिति गठनको निर्णय प्रतिलिपी
    ख. उपभोक्ता समिति गठन गर्दाको आम भेलाको फोटाहरुको प्रतिलिपि
    ग. प्राविधिक लगत इष्टिमेट
    घ. वडा कार्यालयको सिफारिस
    ङ. उपभोक्ता समितिका पदाधिकारीहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपिको
    च. योजनास्थलको निर्माण अगावैको फोटो

मोहन बहादुर शाही
प्रशासन शाखा प्रमुख

२०८१।०७।०५

नन्दकृष्ण पाध्याय
प्रमुख प्रशासकिय अधिकृत

नन्दकृष्ण पाध्याय
प्रमुख प्रशासकीय अधिकृत

✆०८७-६८०२८०, अडियो नोटिस बोर्ड :१६१८०८७६८०२८०

वेबसाईट : www.namkhamun.gov.np, ✉ info@namkhamun.gov.np

CamScanner